बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल
(रोजगार सेवा केन्द्र)

सम्पर्क नं. :०७६-५५०३८३/
०७६-५५०४७९

पत्र संख्या.:०७९/८०
चलानी नं.:

## नक्कली कार्य अनुमति (WORK PERMIT) मार्फत नेपालीहरुबाट रकम ठगी भैरहेको भन्ने सम्बन्धमा जानकारीमुलक सूचना

(सूचना प्रकाशित मिति २०८०।०२।३१ गते)

दक्षिण अफ्रिकामा बैदेशिक रोजगारमा आकर्षक तलब, सुबिधा (मासिक नेपाली रुपियाँ करिब एक लाख वा बढी) सहितको पदमा काम लगाईदिने भनी नक्कली कार्य अनुमति (Work Permit) देखाई विभिन्न प्रलोभनमा पारी मानव बेचबिखन एबम् गैरकानूनी आप्रवासनमा संलग्न एजेन्टहरु/गिरोहले १५० भन्दा बढी नेपालीहरुबाट लाखौं रकम संकलन गरिरहेको र त्यस्तो रोजगारीका अवसरहरुका सम्बन्धमा सामाजिक संजालहरुमा भ्रमपूर्ण विज्ञापन सम्प्रेषण भएको जानकारी नेपाली राजदुताबास, प्रिटोरिया, दक्षिण अफ्रिकाबाट प्रास हुन आएको ब्यहोरा सहितको पत्र नेपाल सरकार, गृह मन्त्रालयबाट प्रास भएको छ । प्रिटोरियास्थित नेपाली राजदुताबासबाट नेपाली नागरिकहरुलाई बैदेशिक रोजगारमा काम गर्नका लागि अनुमति प्रदान गरिएको भनिएका केही कार्य अनुमतिको आधिकारिकताका बारेमा अनुसन्धान गर्दा त्यस्ता कार्य अनुमति (संलग्न) दक्षिण अफ्रिकी, गृह मन्त्रालायबाट जारी नभएको ब्यहोरा जानकारी गराइएको छ ।

दक्षिण अफ्रिकामा रोजगारमा लगाईदिने वा यहाँबाट युरोप, अमेरिकाका मुलुकहरुमा जानको लागि सहज हुने एबम् ती देशहरुमा पठाउन सहयोग गर्ने वा यस्तै अन्य प्रलोभनमा पारी ठूलो रकम लिई नेपाली नागरिकलाई विदेशमा लगि अलपत्र पार्ने र मानव बेचबिखन, गैरकानूनी आप्रवासन लगायत नेपाल सरकारको प्रचालित कानूनद्वारा निषेध गरिएका कार्यहरुमा संलग्न हुने कार्य कानून बमोजिम दण्डनीय भएको हुँदा यसखाले गैरकानूनी कार्यहरु नगर्न/नगराउन प्रिटोरियास्थित नेपाली राजदुताबासबाट सूचना जारी भएको छ ।

यस सन्दर्भमा दक्षिण अफ्रिका जान लाग्नुभएका नेपाली दिदीबहिनी तथा दाजुभाईहरुलाई दक्षिण अफ्रिकामा वैदेशिक रोजगारीमा जादा तोकिएको दक्ष जनशक्तिको पदमा प्रिटोरियास्थित नेपाली राजदुताबासबाट प्रमाणित श्रम स्वीकृति लिएर मात्र जानु पर्ने, पर्यटन भिसामा गई रोजगारीमा संलग्न हुनु गैरकानूनी कार्य भएको, अन्य मुलुकमा दक्षिण अफ्रिकाबाट जाने कुरा मिथ्या भएको र विभिन्न तवरले आकर्षक सुबिधा सहितको रोजगारीको अवसारको प्रलोभन देखाउने कार्य प्रति सचेत रहनु हुन नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

उल्लिखित बिषयहरु लगायतका सम्बन्धमा **नेपाल सरकार, गृह मन्त्रालय वा सम्बन्धित देशका लागि नेपाली दुताबास वा वैदेशिक रोजगार बोर्डको सचिवालय वा परराष्ट्र मन्त्रालयमार्फत** जानकारी लिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

...........................

किशोर थारु
रोजगार संयोजक